# 'मालती मंगले' गीतिनाटकमा शृङ्गार रस

**निलुफर बञ्जरा**

**सार**

*प्रस्तुत लेख गीतिनाटककार माधवप्रसाद घिमिरेद्धारा रचना भएको मालती र मङ्गले (२०३८) गीतिनाटकमा पूर्वीय रस सिद्धान्तका आधारमा शृङ्गार रसको अवस्था के कस्तो छ भन्ने मूल प्राज्ञिक समस्याको समाधान गर्ने प्रयास गरिएको छ । लोक जीवनका कथालाई टिपेर लोकलयमा रचना गरिएको यस मालती र मङ्गले गीतिनाटक गोरखा जिल्लामा वि.स. १८२५ को आसपासमा घटेको घटना हो । यस गीतिनाटकमा अङ्ग रसको रूपमा शृङ्गार रस देखापरेको छ । प्रस्तुत लेखमा अङ्ग रसको रूपमा रहेको शृङ्गार रसको पूर्वीय रस सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जिका** : करिया प्रथा, विभाव, अनुभाव, व्यभिचारी भाव, सञ्चारी भाव

**विषयपरिचय**

मालती मङ्गले गीतिनाटक माधव घिमिरे (१९७६-२०७७) द्धारा रचिएको हो। उनका नवमञ्जरी (कविता सङ्ग्रह १९९४), घामपानी (बाल कविता सङ्ग्रह २०१०), नयाँ नेपाल (कविता सङ्ग्रह,२०१३), गौरी (खण्डकाव्य,२०१५), राजेश्वरी (खण्डकाव्य २०१७), पापीनी आमा (खण्डकाव्य,२०१७), बालालहरी (बालकविता सङ्ग्रह,२०२६), शकद्रन्तला (गीतिनाटक २०३८), मालती मङ्गले (गीतिनाटक २०३८), विषकन्या (गीतिनाटक २०५०), सुनपङ्खी चरी (बालविता सङ्ग्रह २०५३) लगायत दर्जनै फुटकर कविता लेखेर नेपाली काव्य साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । रस सिद्धान्तमा आधारित यस लेख मालती मङ्गले गीतिनाटकमा शृङ्गार रसको स्वरूप निरूपण गरिएको छ।

**समस्या कथन र उद्देश्य**

प्रस्तुत गीतिनाटकमा प्रस्तुत रसको पूर्वीय काव्यशास्त्रको सिद्धान्तमा रहेर विश्लेषण गर्नु हो। यस गीतिनाटकमा शृङ्गार रसको अवस्था के कस्तो छ भन्ने विषयलाई ध्यानमा राख्दै समस्याको समाधान गर्नु हो। मालती मङ्गले गीतिनाटकमा शृङ्गार रस सामाग्रीको प्रयोगको अवस्था के-कस्तो रहेको छ ? यिनै प्रश्नहरूमा केन्द्रित रही प्रस्तुत गीतिनाटकको वैशिष्ट्य केलाउनु यस लेखको मूल उद्देश्य रहेको छ।

**सैद्धान्तिक ढााचा र सामाग्री सङ्कलन**

सामाग्री सङ्कलन मूलतः पुस्तकालयीय नै रहेको छ। पुस्तकमा प्रकाशित गीतिनाटक तथा त्यसको विश्लेषणका लागि रस विधानसँग सम्वन्धित पुस्तकहरूलाई विश्लेषणीय सामाग्रीका रूपमा उपयोग गरिएको छ। रस सिद्धान्त पूर्वीय साहित्यशास्त्रमा सर्वाधिक महत्त्वका साथ चर्चा परिचर्चा गरिएको साहित्य सिद्धान्त हो । संस्कृत साहित्यको इतिहासमा विभिन्न समालोचना सिद्धान्तहरू छन् ती मध्ये रससिद्धान्त प्रमुख सिद्धान्त हो। पूर्वीय साहित्य परम्परामा विकसित र विस्तारित भएको रस सिद्धान्तले साहित्यको सन्र्दभमा आनन्दको आनुभूतिलाई जनाउँछ। साहित्यमा रसलाई काव्यको आत्माको रूपमा पनि कतिपयले विवेचना गरेका छन्। नाटकको सन्र्दभमा नियमन गर्ने क्रममा सबैभन्दा पहिला यसको चर्चा भरतमूनिले गरेका थिए। उनले नाट्यशास्त्रमा वस्तु, नेता र रसलाई नाटकका प्रमुख तत्त्व मानेका छन्। मम्मटले विभाव, अनुभाव र

Received : October 2020  Accepted : December 2020

व्यभिचारी भावबाट व्यक्त स्थायी भाव रस हो भनेका छन् भने धनन्जयले विभाव, अनुभाव, सात्विक भाव र व्यभिचारीभावबाट व्यक्त स्थायी भाव नै रस हो भनेका छन् ।

शृङ्ग (कामोदेक) मा आर (प्राप्ति) प्रत्यय लागेर शृङ्गारशब्द बन्दछ। तसर्थ काम भावनालाई अङ्कित गराउने रसको रूपमा शृङ्गारलाई मान्न सकिन्छ। परस्पर अनुरागमा बाँधिएका नायक नायिकाको एक अर्काको प्रेमको वर्णन भएका काव्य नाट्यबाट शृङ्गार रस प्राप्त हुन्छ। कामिजनको हृदयमा सुषुप्त रहेको 'रति' रसानुभूतिको अवस्थामा पुगेको अवस्था नै शृङ्गार रस हो। यो सुखप्राय प्रियवस्तु युक्त एवं माल्यादि सेवन गर्ने स्त्री तथा पुरुषमा आश्रित रस मानिन्छ (ने.रा.प्र.प्र.२०५० : ६९३) । रति (प्रीति) स्थायी भाव हुने रसलाई शृङ्गार रस भनिन्छ। यो रस स्त्री र पुरुषको प्रेमबाट उत्पति हुन्छ। अरु रसको तुलनामा यो रस सर्वप्रिय रहेको पाइन्छ। कामदेव अङ्कुरित हुनेलाई शृङ्गार रस उत्तम प्रकृतिको हुन्छ (भरत,२०५४ : १११) । भरतको नाट्यशास्त्रमा शृङ्गार रसका भेदमा संयोग र विप्रलम्भको चर्चा गरिएको छ। यस रसमा परस्पर आसक्त नर नारी आलम्वन विभाव हुन्छन् भने चन्द्रमा, भ्रमरकुँजर, रात्रि, एकान्त ठाँउ, उद्यान आदि उद्दीपन विभाव हुन्छन् त्यस्तै कटाक्षपात अनुरागयुक्त भृकुटी भृङ्ग, मुस्कान क्रमविहीन वोली आदि अनुभाव हुन्छन्। निर्वेद, ग्यानि, दीनता, मलिनता आदि व्यभिचारी (सञ्चारी) भाव हुन्छन्। अर्थात उग्रता, मरण, जुगुप्सा र आलस्य बाहेकका अरू सवै यस रसका व्यभिचारी भाव हुन्छन्। यसको स्थायी भाव रति हो।

**गीतिनाटकको विश्लेषण**

यस गीतिनाटकको विश्लेषणका लागि केही बुदाँहरूको छनोट गरिएको छ। तलका विभिन्न बुदाँमा आधारित भएर गीतिनाटको शृङ्गार रसको पक्षलाई सूक्ष्म ढङ्गले केलाउने कार्य गरिएको छ।

**मालती मंगले गीतिनाटकमा शृङ्गार रस**

रस उत्पन्न गर्ने तथा परिपोषण गर्ने विभिन्न रसका मध्य शृङ्गार रसको आधारमा मालती मङ्गाले गीतिनाटकको विश्लेषण गरिएको छ। लोक जीवन तथा नेपाली समाजको एक समयको कथालाई टिपेर लोक लयमा रचना गरिएको यस गीति काव्यमा कमारा कमारीको व्यवस्था भएको समयको नेपाली समाजको चित्रण गरिएको छ। यस गीतिनाटकका केही गीतहरूलाई साक्ष्यको रूपमा लिएर रस सामग्रीका आधारमा विश्लेषण गरिएको छ। यस लेखमा मालती मङ्गाले गीतिनाटकमा रहेका सात अङ्क मध्ये प्रत्येक अङ्कबाट समावेस हुने गरी छानेर विभाव, अनुभाव र व्यभिचारी भावको आधारमा शृङ्गार रसको विश्लेषण गरिएको छ। साथै स्थायी भाव पनि उल्लेख गरिएको छ।

साक्ष्य १

गीत १

मङ्गले : यो माया क्या राम्रो, कल्लाई देखाऊँ।<br>
मालती : नदेखाउँ कसैलाई, दिलमै लुकाऊँ।<br>
मङ्गले : मालती फूल फुल्यो बारी उज्यालो, मनै उज्यालो<br>
यो मेरो मायाको मुखै उज्यालो, मनै उज्यालो।<br>
मालती : तिमीलाई वोलाएँ फूलको नाउँले<br>
फूल भनी भूल परे सारा गाउँले।

दुवै : गोर्खाको पाखैभरि छाया रमाइलो, घामै रमाइलो
दुईजना मेलैमा माया रमाएलो, कामै रमाइलो ।

मालती : थाक्यौ कि मेरो ज्यान, बसूँ छायामा ।

मङ्गले : छायामा बसूँ कि, बसूँ मायामा ।

मङ्गले : नदेखेसम्मलाई निदैँ लाग्दैन, भोकै लाग्दैन
देख्यो कि मायालाई थकाइ लाग्दैन, भोकै लाग्दैन ।

दुवै : अस्ति हो भेट भाको बेनीघाटैमा
आज त थियौँ भैँ,सधैँ साथमा ।

माथिको साक्ष्यमा रसको विभावादि स्थिती यसप्रकार रहेको छ :

क) विभाव :

आलम्वन : नायक नायिका

विषयालम्बन विभाव : नायक मङ्गले

आश्रयालम्बन विभाव : नायिका मालती

उद्दीपनविभाव : फूल, वन, पाखा, छायाँ

ख) अनुभाव : उज्यालो, मुख, उज्यालो मन

ग) व्यभिचारी वा सञ्चारी भाव : मोह, हर्ष, आवेग, उन्माद

३) स्थायीभाव : रति

४) विप्रलम्भ : शृङ्गार रस

माथि उल्लेख गरिएको साक्ष्यमा शृङ्गार रसको प्रधानता रहेको छ। नायक मङ्गाले र नायिका मालतीको बीचमा प्रेममय बार्तालाप भएको छ। यस साध्यमा आलम्बन विभावको रूपमा नायक र नायिका देखा परेका छन् । कतिपय सन्दर्भमा नायक मङ्गाले विषयलाम्बन र आश्रयालम्बनको रूपमा प्रस्तुत भएको छ भने कतिपय सन्दर्भमा नायिका मालती विषयालम्बन र आश्रयालम्बनको रूपमा देखा परेकी छे। यस पङ्गतिमा उद्दिपन विभावको रूपमा फूल, बन, पाखा, छाया, जस्ता कुराहरू आएका  छन् । यसै गरी यस पङ्गतिमा अनुभावको रूपमा उज्यालो अनुहार, उज्यालो मुख, उज्यालो मन जस्ता कुराहरू आएका छन् । सञ्चारी भावको रूपमा मोह, हर्ष, आवेग, उन्माद, जस्ता कुराहरूबाट रति स्थायी भाव उद्दीप्त भएको छ। रति शृङ्गार रसको स्थायी भाव भएकोले यहाँ शृङ्गार रस प्रकट भएको  छ।

साध्य २

गीत १

मालती : खोइ मेरो मङ्गले खोइ, अब एक्लै मालती रोई !
यो घरको खसमको मनै पापी रै‘छ

जीउ किनिल्याए पनि किनिदैँन बैँस

Received : October 2020  Accepted : December 2020

कमारीको के दियो जुनी, पापी नजर लगाँउछ जो पनि

छाया भन्दै हेर्दै थिएँ राक्षस पो रै'छ

राक्षसले छुन खोज्यो सुन्केस्राको बैंस

गोरखाकी कालिका माई ! रछे गर राक्षसै भगाई

माथिको साक्ष्यमा रसको विभावादि स्थिती यसप्रकार रहेको छ :

क) विभाव :

विषयालम्बन विभाव : नायक मङ्गले

आश्रयालम्बन विभाव : नायिका मालती

उद्दीपनविभाव : कालीका माई राक्षसको छाया, सुन्केस्राको बैंस

ख) अनुभाव : मङ्गलेलाई खोज्नु, एक्लै रूनु, पापी नजरले लाग्नु, कालीका माईलाई पुकार गर्नु

ग) व्यभिचारी वा सञ्चारी भाव : चिन्ता, औत्सुक्य, स्वप्न

३) स्थायीभाव : रति

४) विप्रलम्भ : शृंगार रस

माथि उल्लेख गरिएको साक्ष्यमा शृङ्गार रसको प्रयोग भएको छ। नायक मङ्गले छुट्टिँदा नायिका मालतीको मनमा अनेक तर्कविर्तकहरू आएका छन् । नायक र नायिका विछोडको अवस्थामा रहेको समयमा भेट्नकोलागि व्याकुल नायिका मालतीले अभिव्यक्त गरेका विचार यहाँ प्रकट भएका छन् । यो साक्ष्य विप्रलम्भ शृङ्गरको रूपमा देखापरेको छ। यसमा विषयालम्वनको रूपमा नायक मङ्गले रहेको छ भने आश्रयालम्वनको रूपमा नायिका मालती रहेकी छे। यस साक्ष्यमा उद्दीपन विभावको रूपमा कालीका माई राक्षसको छाया, सुन्केस्राको बैंस जस्ता कुराहरू आएका छन् । नायिका मालतीलाई साहुले उ प्रति कुदृष्टि लगाएपछि उसको मनमा अनेक तर्कहरू खेलेका छन् । यस साक्ष्यमा अनुभावको रूपमा मङ्गलेलाई खोज्नु, एक्लै रूनु, पापी नजरले लाग्नु, कालीका माईलाई पुकार गर्नु जस्ता कुरा आएका छन् भने सञ्चारी भावको रूपमा चिन्ता, औत्सुक्य, स्वप्न जस्ता कुराहरू आएका छन् ।

साक्ष्य ३

गीत २

आमाकी टुहुरी, बाँकी मै छोरी

म हैन मालती ।

सधैँकी बिमारी बाँचुँ कसोरी

मङ्गले ! नहेर यसरी

डाँडाको पारीमा फूलको बारीमा

म हैन मालती ।

Received : October 2020  Accepted : December 2020

डुल्दैछु एकली, बनी पुतली

मङ्गले ! नछो पछ्यौरी

माथिको साक्ष्यमा रसको विभावादि स्थिती :

क) विभाव :

विषयालम्बन विभाव : नायक मङ्गले

आश्रयालम्बन विभाव : डाँडा, फूल, बारी, पुतली

उद्दीपनविभाव : रति स्थायी भाव प्रकट भएको छ

ख) अनुभाव : रति स्थायी भाव प्रकट भएको छ

ग) व्यभिचारी वा सञ्चारी भाव : मोह, मद, चपलता

३) स्थायीभाव : रति

४) विप्रलम्भ : शृंगार रस

माथिको साक्ष्यमा कान्छी गोसाईले सपनामा मङ्गलेलाई देखेर व्यक्त गरेका कुराहरू प्रकट भएका छन् । मनमनै मङ्गलेलाई मन पराएका कुरा यस साक्ष्यमा आएका छन् । यस साक्ष्यमा विषयालम्वनको रूपमा नायक मङ्गले देखा परेको छ भने आश्रयलम्वनको रूपमा डाँडा, फूल, बारी, पुतली जस्ता कुराहरू आएका छन् । यस साक्ष्यमा सञ्चारी भावको रूपमा मोह, मद, चपलता जस्ता कुराहरू आएका छन् । यिनै विभाव, अनुभाव र सञ्चारी भावहरूबाट रति स्थायी भाव उद्दीप्त भएको  छ । रति शृङ्गार रसको स्थायी भाव भएकोले यहाँ शृङ्गार रस प्रकट भएको छ ।

साक्ष्य ४

गीत १

मालती : मलाई पनि लैजाउ त्यहीँ जान्छौ हजुर

आफैले रक्षे गर हे राजै ! यो आफ्नो सिँदुर

प्रियलाई पनि न केही सक्ने एउटा थियो पीर

विरह परी न सही सक्ने थपियो अर्को पीर

आँसु र विष कसरी पिऊँ मै बिनाकसुर

आफैँले रक्षे गर हे राजै ! यो आफ्नो सिँदुर ।

यो घरमा मलाई के मर्म पर्यो कहुँला त्यो पनि

छहराबाट हाम्फाली बन्छु इन्द्रिनी सुन्दर

आँफैले रक्षे गर हे राजै यो आफ्नो सिँदुर

माइत फेरि फर्कन्छे छोरी फर्काइ दुरान

Received : October 2020

Accepted : December 2020

जिन्दगीभरि नआउने गरी नजाउ परान
डुबाई जून जूनको ज्योति डाँडामा थुर्थुर
आफैँले रक्षे गर है राजै यो आफ्नो सिँदुर ।

माथिको साक्ष्यमा रसको विभावादि स्थिती ः

क) विभाव ः

विषयालम्बन विभाव ः नायक मङ्गले

आश्रयालम्बन विभाव ः नायिका मालती

उद्दीपन विभाव ः छहरा, इन्द्रिनी, जुन, ज्योती, डाँडा

ख) अनुभाव ः आँसु, अनौठो आवाज

ग) व्यभिचारी वा सञ्चारी भाव ः चिन्ता, औत्सुक्य, आवेग

३) स्थायीभाव ः रति

४) विप्रलम्भ ः शृंगार रस

साक्ष्य चारमा  नायिका मालतीले मङ्गलेलाई सम्झेर विलाप गरेकी छे। रति स्थायी भाव भएको र विप्रलम्भ शृङ्गार रसको रूपमा रहेको यस साक्ष्यमा विषयालम्वनको रूपमा नायक मङ्गले देखा परेको छ भने आश्रयालम्बनको रूपमा नायिका मालती देखा परेकी छे । उद्दीपन विभावको रूपमा छहरा, इन्द्रिनी, जुन, ज्योती, डाँडा जस्ता कुराहरू आएका छन् । यस साक्ष्यमा अनुभावको रूपमा आँसु, अनौठो आवाज जस्ता कुराहरू आएका छन् भने सञ्चारी भावको रूपमा चिन्ता, औत्सुक्य, आवेग जस्ता कुराहरू आएका छन् । यिनै विभाव, अनुभाव र सञ्चारी भावहरूबाट रति स्थायी भाव उद्दीप्त भएको  छ । रति शृङ्गार रसको स्थायी भाव भएकोले यहाँ शृङ्गार रस प्रकट भएको छ ।

साक्ष्य ५

गीत ४

गीतैले बोलाई दरौदीलाई मस्याङ्गदी मिसियो
म केले बोलाऊँ मालतीलाई, मुरली खोसियो !
आँसुमा रोऊँ रित्तियो आँसु, गीतमा रुन द्यौ
आफैलाई छोऊँ भत्किन्छ छाती प्रीतिलाई छुन द्यौ ।
मौरीले चिल्यो मालती फूल, मान्छेले चिल्यो दिल
झन झिक्न खोज्छु झनगडिजान्छन दिलका लाखौ खील ।
फूलको ताप सेलाइरैछ रातको शीतले
दिलको ताप बियाँल्न देऊ प्रीतिको गीतले

Received : October 2020

Accepted : December 2020

माथिको साक्ष्यमा रसको विभावादि स्थिती यसप्रकार रहेको छ ः

क) विभाव ः

विषयालम्बन ः नायिका मालती

आश्रयालम्बन ः नायक मङ्गले

उद्दीपनविभाव ः दरौदी, मर्स्याङ्गदी, मुरली, फूल, रात, शीत

ख) अनुभाव ः आँसु

ग) व्यभिचारी वा सञ्चारी भाव ः मोह, चिन्ता, औत्सुक्य, आवेग, स्वप्न

३) स्थायीभाव ः रति

४)विप्रलम्भ ः शृङ्गार रस

यस साक्ष्यमा नायक मङ्गले नायिका मालतीलाई सम्फेर अनेक विलौना गरेको छ। रति स्थायी भाव रहेको यस साक्ष्यमा विप्रलम्भ शृंगार रसको प्रयोग भएको छ। यस साक्ष्यम विषयलम्वनको रूपमा नायिका मालती देखा परेकी छे भने आश्रयालम्बनको रूपमा दरौदी, मर्स्यादी, मुरली, फूल, रात, शीतजस्ता कुराहरू आएका छन्। यस साक्ष्यामा अनुभावको रूपमामोह, चिन्ता, औत्यसुक्य आवेग, स्वप्न जस्ता कुराहरू आएका छन्। यिनै विभाव, अनुभाव, र सञ्चारी भावहरूबाट रति स्थायी भाव उद्दीप्त भएको छ।

साक्ष्य ६

गीत ८

रानी ः मुक्त भई मालती, मुक्त भयो मङ्गले

लगाईदिन्छु तिलक, यै फूलको रङ्गले

यस्तो विपत् नपरोस् अब फेरी फेरीलाई

धरतीको छोरालाई धरतीको छोरीलाई।

मङ्गले ः खै मेरो मुरली, खोजेर नजाउँ, कि ?

मालती, मालती ! वोलाउदै म जाउँ कि ?

माथिको साक्ष्यमा रसको विभावादि स्थिती ः

क) विभाव ः

विषयालम्बन ः मालती र मङ्गले

आश्रयालम्बन ः मङ्गले र मालती

उद्दीपनविभाव ः तिलक, फूल, रङ्ग, धरती, मुरली

ख) अनुभाव ः गद्गद

ग) व्यभिचारी वा सञ्चारी भाव ः हर्ष, चपलता, उन्माद,

३) स्थायीभाव : रति

४)विप्रलम्भ : शृङ्गार रस

माथिको साक्ष्य छमा रति स्थायी भाव रहेको शृङ्गार रसको प्रयोग भएको छ। यस साक्ष्यमा विषयालम्वनको रूपमा मालती र मङ्गले देखिएका छन् भने आश्रयालम्वनको रूपमा पनि नायक मङ्गले र नायिका मालती देखा परेका छन्। यस साक्ष्यमा उद्दीपन विभावको रूपमा तिलक, फूल, रङ्ग, धरती, मुरली जस्ता कुराहरू आएका छन्। अनुभावको रूपमा मुक्त हुँदा खुशीले गद्गद भएको मङ्गलेका शरीरमा खेलेका भाव आएका छन्। यिनै विभावको रूपमा हर्ष, चपलता, उन्माद जस्ता कुराहरू आएका छन्। यिनै विभाव, अनुभाव र सञ्चारी भावहरूबाट रति स्थायी भाव उद्दीप्त भएको छ। रति शृङ्गार रसको स्थायी भाव भएकोले यहाँ शृङ्गार रस प्रकट भएको छ।

साक्ष्य ७

गीत ६

मङ्गले : बोल्दा बोल्दै रोकियो फेरी बोल हो
आँखा खोल मालती ! आँखा खोल हो
केस्रा केस्रा केशको लुछी लुछी हो
रगतले चोलिया मुछी मुछी हो।
मूर्छा पार्‍यो कसले ? क्यै त बोल हो
आँखा खोल मालती आँखा खोल हो।
सारा पीर पखाली कति उजेली
मुस्कुराइरहिछौ चिम्ली परेली
ऐल्यै बोल्ली जस्ती छौ, लौन बोल हो
आँखा खोल मालती आँखा खोल हा।
जिन्दगीमा भेटीयो बल्ल जिन्दगी
मर्न हुन्न बैँसमा धोको नपुगी
नवैलिने फूल मेरी बिम्झी बोल हो
आँखा खोल मालती आँखा खोल हो।

माथिको साक्ष्यमा रसको विभावादि स्थिती :

क) विभाव :

विषयालम्बन : मालती

आश्रयालम्बन : मङ्गले

उद्दीपनविभाव : सम्झना, पीडा, छटपटी,

ख) अनुभाव : विलाप, रोएको आँसु, कराएको

Received : October 2020  Accepted : December 2020

ग) व्यभिचारी वा सञ्चारी भाव : मोह, ग्लानी, चिन्ता, विषाद

३) स्थायीभाव : रति

४) विप्रलम्भ : शृङ्गार रस

यस साक्ष्यमा विषयालम्वनको रूपमा नायिका मालती देखापरेकी छे भने आश्रयालम्बनको रूपमा नायक मङ्गले देखा परेको छ। उद्दीपन विभावको रूपमा सम्झना, पीडा, छट्पटी जस्ता कुराहरू देखा परेका छन्। अनुभावको रूपमा मङ्गले गरेको विलाप, रोइको आँशु, कराएको जस्ता कुराहरू आएका छन्। सञ्चारी भावको रूपमा मोह, ग्लानि, चिन्ता, विषाद जस्ता कुराहरू देखा परेका छन्।

माधवप्रसाद घिमिरेद्धारा रचना गरिएको यस गीतिनाटक सात अङ्गमा विभाजन गरिएको छ। यस गीतिनाटकमा अङ्ग रसको रूपमा शृङ्गार रसको प्रयोग गरिएको छ।

**निष्कर्ष**

यस गीतिनाटकमा शृङ्गार रस अङ्ग रसको रूपमा आएको छ। करियाप्रथा रहेको समयमा कमरा कमारीले भोग्नु परेको जीवन तथा तिनीहरूको प्रेमका उताडचठावलाई लोकलयमा ढालेर रचना गरिएको मालती मङ्गले गीतिनाटक गोरखा जिल्लाको फजेल गाँउ र लुँईटेल भञ्ज्यङको पेरिफेरीमा रचना गरिएको सामाजिक गीतिनाटक हो। यस गीतिनाटकमा मालती र मङ्गलेको प्रेममा आएका स्थायी रति भावलाई पूर्वीय काव्य सिद्धान्तको केन्द्रमा रहेर शृङ्गार रसको विश्लेषण गरिएको छ। कमरा कमारी बस्नु पर्ने त्यो समयको सामाजिक अवस्थामा रचना गरिएको यस गीतिनाटकमा शृङ्गार रसको प्रधानता पाइन्छ। यस गीतिनाटकमा मुख्य पात्रको रूपमा मालती र मङ्गले रहेका छन् भने सहायक पात्रको रूपमा रानी, गोपी, गोसाई, कान्छी गोसाई, साहु, र खिन्ते जस्ता पात्रहरूको उपस्थिति पाइको छ। माधवप्रसाद घिमिरेको यस गीतिनाटकमा शृङ्गार रस अङ्गरसको रूपमा पाइन्छ।

**सन्र्दभसूची**

उपाध्याय, केशवप्रसाद (२०६७ ), पूर्वीय साहित्य सिद्धान्त संस्करण पाँचौ, ललितपुर : साझा प्रकाशन।

गड्तौला, नारायण, (२०७१), रस र ध्वनि सिद्धान्त, काठमाडौं : प्रगति पुस्तक प्रकाशन।

घिमिरे, माधवप्रसाद (२०५६), मालती मङ्गले संस्करण तेस्रो, ललितपुर : साझा प्रकाशन।

न्यौपाने, पुरुषोतम (२०६७), “मृत्युञ्जय महाकाव्यमा रसविधान” दर्शनाचार्य शोध प्रवन्ध त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर।

भरत (२०५४) नाट्यशास्त्रय्, वाराणसी : कृष्ण अकादमी।

शर्मा मोहनराज, लुइटेल खगेन्द्रप्रसाद (२०७६), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त संकरण पाँचौ , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार भोटाहिटि।